निर्णयहरू :

१. नेपाल सरकारबाट स्वीकृत भएको पन्ध्रौं योजनामा रूपान्तरणकारी योजनाको रूपमा समावेश भएको डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन र सरकारी तथ्याङ्कको सुरक्षा संवेदनशीलता, सरकारी सामाग्रीको पेन ड्राइभमा प्रयोग र इमेलको सुरक्षा लगायत सूचना प्रविधिको प्रयोग र सुरक्षा सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन सबै मन्त्रालय/निकायका सचिवज्यूहरूलाई सुझावको लागि पठाउने र प्राप्त सुझावहरू समेत समेटी अन्तिम प्रतिवेदन तयार गर्ने। अर्को बैठकमा यस सम्बन्धमा विस्तृत छलफल गर्ने।

२. सरकारी कामसँग सम्बन्धित ईमेल सञ्चार नेपाल सरकारले स्वीकृत गरेको ईमेलबाट मात्र गर्ने व्यवस्था मिलाउने। आफ्नो मन्त्रालय/निकाय/विभाग कार्यालयले आवश्यकता अनुसार सूचना प्रविधि विभागसँग समन्वय गरी इमेल खाता सञ्चालन र सुरक्षाको व्यवस्था मिलाउने।

३. मन्त्रालय/निकाय तथा विभागहरूले नेपाल सरकारले प्रयोगमा ल्याएको कार्यालय अटोमेसन सिस्टमलाई कार्यान्वयनमा ल्याई अफिस व्यवस्थापनलाई थप प्रभावकारी बनाउने। अफिस अटोमेसन सिस्टमको कार्यान्वयन गर्नको लागि सूचना प्रविधि विभागसँग समन्वय गर्ने र विभागले आवश्यक सहयोगको व्यवस्था गर्ने। केन्द्रीय स्तरका निकायहरूले २०७८ श्रावण मसान्तभित्र अनिवार्य रूपमा आफ्नो कार्यप्रणाली अफिस अटोमेसन सिस्टमबाट गर्ने।

४. सिंहदरबार प्रवेशको सुरक्षा व्यवस्थालाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाउन गृह मन्त्रालयले तयार गरेको कार्यविधिको मस्यौदा सबै मन्त्रालय तथा निकायमा सुझावको लागि पठाउने र प्राप्त सुझावलाई समेत समेटी कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने।

५. नेपालको संविधानको धारा ५३ मा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धी सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्न सबै मन्त्रालय/निकायले नेपालको संविधानको धारा ५३ बमोजिमको प्रगति विवरण भाद्र मसान्तसम्ममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन पत्राचार समेत भैसकेको हुँदा आफ्नो मन्त्रालय/निकायको प्रगति विवरण तोकिएको समयसीमाभित्र नै पठाउने व्यवस्था मिलाउने।

६. राष्ट्रिय गौरव, रूपान्तरणकारी एवं अन्य छानिएका ६४ वटा महत्वपूर्ण आयोजनाहरूको चालु आर्थिक वर्षको विस्तृत कार्यान्वयन कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यथाशीघ्र पठाउने। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सफ्टवेयर अपडेट गरी अनलाईन अनुगमन प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने। मन्त्रालय तथा आयोजनाहरूले आ. व. २०७८/७९ को बजेट कार्यान्वयन कार्ययोजना बमोजिम कार्य सम्पादन गरी अपेक्षित उपलब्धि हासिल गर्ने।

मुख्य सचिव

७. नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश हुने प्रस्ताव तथा मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनलाई थप व्यवस्थित बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै मन्त्रालय/निकायका सचिवज्यूहरूलाई २०७७/१२/८ मा परिपत्र गरिएको छ। सो बमोजिम सबै मन्त्रायलय/निकायले नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरूको प्रभावकारी कार्यान्वयन गरी समयभित्रै प्रतिवेदन गर्ने व्यवस्था मिलाउने।

८. निजामती सेवा दिवसको सन्दर्भमा निजामती, जंगी, प्रहरी, सार्वजनिक संस्थान तथा संगठित संस्थामा कार्यरत सबै कर्मचारीको सहयोगमा **राष्ट्रसेवक वृक्षारोपण अभियान** सञ्चालन गरी यस आर्थिक वर्षमा कम्तीमा एक करोड वृक्षारोपण गर्न वन तथा वातावरण मन्त्रालयले सम्बद्ध सबै निकायहरूसँग समन्वय गरी वृक्षारोपण कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने।

९. सबै मन्त्रालयहरूले मन्त्रालय र अन्तर्गतका निकायबाट सर्वोच्च अदालत र अन्य अदालतबाट भएका फैसला/आदेशको तदारूकता साथ कार्यान्वयन गर्ने गराउने र सोको विवरण नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

१०. सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले राजपत्रांकित पदमा हुने नियुक्ति, बढुवा सम्बन्धी सूचना अनिवार्य र नियमित रूपमा नेपाल राजपत्रमा प्रकाशित गर्ने।

११. हेलो सरकारमा दर्ता हुने उजुरी तथा गुनासोको सम्बन्धित निकायले तत्काल समाधान गर्ने र गुनासो फर्छ्यौट सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले समेत आवश्यक निगरानी गर्ने।

२०७८/४/१२

मुख्य सचिव